प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय,

## प्रदेश नं ३ हेटौडा,मकवानपुर ।

कार्यालय मसलन्द मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्रको सार्वजनिक सुचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०७६/०७/०६

| क्र.सं. | दरभाउपत्र नं. | विवरण | धरौटी रकम वा क वर्गको वाणिज्य बैंकबाट जारी बैंक ग्यारेन्टी | |
|---|---|---|---|---|
| | | | धरौटी रकम (रु) | बैंक ग्यारेन्टी भए |
| १. | MOIALS–3/goods/SQ/01/076/077 | कार्यालय मसलन्द सम्बन्धी मालसामान खरिद | ३९०००।- | न्युनतम ७५ दिन अवधिको |

१. सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनसम्ममा कार्यालय समय भित्र यस मन्त्रालयबाट रु.१०००।०० (एक हजार) नगदै बुझाई (पछि फिर्ता नहुने) गरी दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधि (प्रमाण सहित) ले दरभाउपत्र खरिद गर्न सक्नेछ ।

२. दरभाउपत्र फाराम खरिद गर्न कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७५।७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

३. सूचना प्रकाशित मितिले १५ औं दिन २०७५।०७।२० गते सम्म कार्यालय समय भित्र खरिद गरी सो को भोलिपल्ट मिति २०७६।०७।२१ गते दिनको १२:०० बजे भित्र दरभाउपत्र दर्ता गराउनु पर्नेछ ।

५. तोकिएको समयभित्र पेश भएका दरभाउपत्र दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस मन्त्रालयमा २०७६।।७।२१ गते दिनको २:०० बजे खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. दरभाउपत्र पेश गर्दा दरभाउपत्रका साथ उल्लेखित धरौटी रकम प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश नं. ३ को राष्ट्रिय वाणिज्य बैंक, हेटौंडा शाखामा रहेको धरौटी खाता नं. १३००५०२०००००० मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सोही रकम बराबरको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त क वर्गको वाणिज्य बैंकबाट दरभाउपत्र खोल्ने मिति देखि ७५ दिनको म्याद सहितको जारी बैंक जमानी पत्र अनिवार्य संलग्न गर्नुपर्ने छ ।

७. दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खुलेको दिन तोकिएको समयभित्र उपरोक्त अनुसार नै हुनेछ ।

८. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहने छ ।

९. यस सम्बन्धी अन्य विषयहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश खरिद नियमावली २०७६ र अन्य सम्बन्धित प्रचलित कानून बमोजिम हुनेछ ।

१०. थप जानकारीका लागि यस मन्त्रालयको वेवसाइट : www.moial.p3.gov.np वा मन्त्रालयबाट बुझ्न सकिनेछ ।